नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.ः

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरहमहल,काठमाडौं

मितिः २०८३।०३।१९

**विषयः प्रेस विज्ञप्ति**

सामाजिक स्वास्थ्य सुरक्षा प्रणालीको प्रमुख मेरुदण्डका रूपमा सञ्चालन भइरहेको स्वास्थ्य बीमा कार्यक्रमले सीमित स्रोतसाधन तथा संरचनागत चुनौतीका बावजुद पनि दैनिक हजारौं बीमित नागरिकले स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् भने स्वास्थ्य उपचारका क्रममा नागरिकले आफ्नै गोजीबाट व्यहोर्नुपर्ने खर्च न्यूनीकरण गरी वित्तीय जोखिमबाट संरक्षण प्रदान गर्ने कार्यमा स्वास्थ्य बीमा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ। स्वास्थ्य बीमा कार्यक्रमको दिगो वित्तीय स्रोत तथा संयन्त्र पूर्ण रूपमा स्थापित हुन नसक्दा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको दावी भुक्तानी समयमै हुन नसकेको अवस्था सिर्जना भएकोले यसबाट सेवा प्रदायक स्वास्थ्य संस्थाहरू तथा बीमित सेवाग्राहीहरूमा असहज परिस्थिति उत्पन्न भएको विषयप्रति स्वास्थ्य बीमा बोर्ड पूर्ण रूपमा जानकार रहेको छ।

यसै सन्दर्भमा, चालु आर्थिक वर्षका विभिन्न मितिमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई कुल रु. २३,४४,०२,९८,०१६ भुक्तानी गरिएको जानकारी गराइन्छ। उक्त भुक्तानीसँगै मिति २०८२ साल मंसिर मसान्तसम्म स्वास्थ्य बीमा बोर्डमा आबद्ध सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको दाबी बक्यौता फरफारक भएको छ। मिति २०८२ मंसिर पश्चातका दावी भुक्तानीका गर्न आवश्यक बजेट व्यवस्थापन तथा दिगो वित्तीय स्रोत सुनिश्चितताका लागि सम्बन्धित निकायहरूसँग समन्वय एवं पहल निरन्तर भइरहेको छ। तसर्थ स्वास्थ्य बीमा बोर्ड सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई बीमित सेवाग्राहीहरूको उपचार सेवामा कुनै प्रकारको अवरोध वा कठिनाइ सिर्जना नगरी स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत निर्धारित मापदण्ड बमोजिम निरन्तर गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइदिन हार्दिक अनुरोध गर्दछ।

साथै, सम्पूर्ण बीमित सेवाग्राहीहरूलाई स्वास्थ्य बीमा सेवाको जिम्मेवार र सदुपयोग गर्न, अनावश्यक स्वास्थ्य सेवा वा परीक्षणको माग नगर्न, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई आवश्यकता भन्दा बढी परीक्षण वा उपचारका लागि दबाब नदिन तथा स्वास्थ्य बीमा कार्यक्रमको दिगोपना र प्रभावकारिता कायम राख्न आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्न अनुरोध गर्दछौं।

-स्वास्थ्य बीमा बोर्ड